सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट बाट आज भएका गतिविधिहरु

***मिति २०७७/१/३ गते***



आज गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयमा कोभिड- १९ को सम्भावित महामारी, संक्रमण नियन्त्रण, Case Management, Treatment Protocol आदिको बारेमा विभिन्न अस्पतालका प्रमुख तथा प्रतिनिधिहरुबीच छलफल भयो । छलफल पश्चात विभिन्न अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मी तथा स्वास्थ्य निर्देशनालयको संयुक्त टोली गण्डकी प्रदेशका ११ वटै जिल्लामा गई यसबारेमा अभिमूखीकरण प्रदान गर्ने निर्णय भयो।

यसैगरी आज नै स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रमा गण्डकी प्रदेशमा स्वास्थ्य सम्बन्धि सूचना संकलन र व्यवस्थापन गर्नको निम्ति तयार गरिएको सफ्टवेयरको बारेमा छलफल तथा अभिमूखीकरण कार्यक्रम संचालन गरियो। यस सफ्टवेयरले अहिलेको परिप्रेक्ष्यमा स्थानीय तह देखि जिल्लासम्म कोभिड - १९ को विविध पक्षबारे सूचना संकलन गर्नको निम्ति प्रयोग गरिनेछ।





विदेशबाट घर फर्किएकाहरु अनिबार्य रुपमा घरमै 'होम/सेल्फ क्वारेन्टाईन'मा बसौं। होम क्वारेन्टाईनमा बस्दा निम्न कुराहरु अनिबार्य पालना गरौ।

क) पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्ने र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दुरी राख्ने।

ख) आफु बस्ने कोठा आफै सफा गर्ने।

ग) स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर नजाने।

घ) नियमित रुपमा आफ्नो हात साबुन पानीले मिचिमिची धुने, वा हात सफा राख्न अल्कोहलयुक्त हेन्ड सेनिटाईजर प्रयोग गर्ने। हात नधोई आँखा, नाक र मुख छुन बाट जोगिने।

ङ.) अन्य व्यक्तिहरुसंग प्रत्यक्ष सम्पर्क नगर्ने। यदि अन्य व्यक्तिहरुसंगको सम्पर्कमा आउनु पर्दा, कम्तिमा १ मिटरको दुरी राख्ने र यदि अर्को व्यक्तिसंग एउटै कोठामा हँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउने। खोक्दा वा हाछ्य गर्दा आफ्नो मख र नाकलाई टिस्य पेपर, रुमाल वा कहिनोले छोप्ने।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

गण्डकी प्रदेश सरकारले कोरोना सङ्क्रमण न्यूनीकरणका लागि क्वारेन्टाइनमा बसेका व्यक्तिलाई खाना र नास्ताबापत दैनिक रु ५ सय १० उपलब्ध गराउने निर्णय गरेको छ । प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेश तथा स्थानीय सरकारले निर्माण गरेका क्वारेन्टाइनमा बसेकालाई खाना, नास्ताको लागि अबदेखि रकम उपलब्ध गराउने निर्णय गरेको हो । कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि आवश्यक स्वास्थ्य सामग्री तथा उपकरण खरिद गर्न सरकारले तीन वटै सुरक्षा निकायलाई रु १५ लाखका दरले बजेट निकासा गर्ने निर्णय गरेको छ । नेपाली सेनाको पश्चिम पृतना, गण्डकी प्रदेश प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बल मुक्तिनाथ बाहिनीलाई रकम निकासा गर्ने निर्णय गरिएको सरकारले जनाएको छ । त्यसैगरि डेडिकेटेड अस्पतालमा काम गर्ने चिकित्सक, स्वास्थ्यकर्मी र प्रयोगशालामा काम गर्ने प्राविधिक, कर्मचारीले एक दिनमा बढीमा दुई हजार २ सय २० का दरले खान, बस्ने रकमको सीमा तोकेको छ ।





भौतिक पूर्वाधार विकास मन्त्री माननीय रामशरण बस्नेतज्यू, सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन मगरज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू लगायत अस्पताल व्यवस्थापन समितिको उपस्थितिमा लेखनाथ सामुदायिक लायन्स अस्पतालसंग समन्वयात्मक छलफल कार्यक्रम सम्पन्न भयो । गण्डकी प्रदेश सरकारले उक्त अस्पताललाई आफ्नो मातहतमा संचालन गर्ने प्रक्रियाको बारेमा छलफल भयो । यस छलफल कार्यक्रममा स्थानीय वन उपभोक्ता समितिका सदस्यहरुको पनि उपस्थिति रहेको थियो ।

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री माननीय पृथ्वी सुब्बा गुरुङ्ज्यूले आज प्रदेश भित्रका ११ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरुसंग भिडियो कन्फ्रेन्स बैठक गर्नुभयो । उक्त अवसरमा माननीय मुख्यमन्त्रीज्यूले जिल्लामा भैरहेको लकडाउन, औषधी तथा खाद्यान्नको आपुर्ती, शान्तिसुरक्षा, कोभिड-१९ संग सम्बन्धित कार्यक्रमहरुको अवस्थाका बारेमा जानकारी लिनुका साथै प्रदेश सरकारको तर्फबाट आवश्यक निर्देशन समेत प्रदान गर्नुभयो ।

**साबुन पानीले हात मिचीमिची धोऔं ।**

**मास्क र स्यानीटाईजर को प्रयोग गरौं ।**

**लक डाउनको बेला घरमै बस्नुहोस ।**
**अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस ।**
**सामाजिक दुरी कायम राख्नुहोस ।**

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## आजसम्म हेल्लो डाक्टर १०९२ कार्यक्रममा ६१६ जनाले चिकित्सकीय परामर्श सहितको सेवा लिएका छन्।

गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख ३ गते (४ बजे सम्म )

जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 11 | 493 | 0 | 96 | 5 | 227 | 111 | - | 348 | 329 | 112 | 106 | 0 | 6 |
| स्यांग्जा | 34 | 1117 | 29 | 486 | - | 46191 | 4 | - | 601 | 436 | 101 | 101 | 0 | 0 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | 40 | 42 | - | 713 | 392 | 12 | 12 | 0 | 0 |
| लमजुङ | 68 | 949 | 32 | 24 | 4 | 431 | 5 | - | 188 | 149 | 44 | 44 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 160 | 5 | 5 | 0 | 0 |
| पर्वत | 11 | 375 | 7 | 185 | - | 326 | 20 | 0 | 316 | 265 | 68 | 68 | 0 | 0 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 130 | 11 | 11 | 0 | 0 |
| बाग्लुङ्ग | 37 | 219 | 26 | 990 | - | 13034 | 9 | 2 | 836 | 1007 | 41 | 39 | 2 | 0 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 2 | 560 | 207 | 24 | 24 | 0 | 0 |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 53 | 7 | - | 3 | 0 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 0 | 0 | 4 | - | 10 | - | 25 | 7 | - | - | - | - |
| **जम्मा** | 295 | 4700 | 192 | 2665 | 89 | 60787 | 265 | 4 | 4522 | 3107 | 421 | 413 | 2 | 6 |

नोट : नवलपुरबाट २४ वटा नमुना संकलन गरि परिक्षण भरतपुर अस्पतालमा गरिएको हो।

**नबराज शर्मा**
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

**घरमै बसौं, सुरक्षित रहौं**

हेलो डाक्टर १०९२ प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको टोल फ्री नं. १०९२ मा सम्पर्क राख्नुहोस्।